# संघीय संसद
# प्रतिनिधि सभा
## अर्थ समिति

मिति: २०८१/०९/११
बैठक संख्या: ४६
समय: बिहान ११:०० बजे।

१. सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्न बसेको आजको बैठकमा माननीय अर्थमन्त्री तथा अर्थ मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा समिति सचिवालयले पेश गरेको प्रतिवेदनको मस्यौदामाथि छलफल भई बहुमतबाट पारित भयो। प्रतिनिधि सभाको आगामी अधिवेशनमा समितिको प्रतिवेदन प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२१ बमोजिम प्रतिनिधि सभाको बैठकमा पेश गर्ने।

२. अर्को बैठक २०८१।९।१६ गते बिहान ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित भयो।

..............................
रेखा उपाध्याय खनाल
समित सचिव

..............................
सन्तोष चालिसे
सभापति

..............................

..............................

संघीय संसद

## प्रतिनिधि सभा

## अर्थ समिति

२०७९

राष्ट्रिय सभामा उत्पत्ति भएको सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० सम्बन्धी प्रतिवेदन

१. सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० (यसपछि "विधेयक" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राख्नेः-

"२. सुरक्षित कारोबार ऐन, २०६३ को प्रस्तावनामा संशोधनः सुरक्षित कारोबार ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्ति" भन्ने शब्दहरूको सट्टा "चल सम्पत्ति धितो राखी गरिने कारोबारलाई सुरक्षित बनाउने सम्बन्धमा एकीकृत कानूनी व्यवस्था गरी त्यस्तो चल सम्पत्ति" भन्ने शब्दहरू राखिएका छन्।"

२. राष्ट्रिय सभाबाट पारित विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा नं. ३ लाई झिकी विधेयकको दफा ६ ले मूल ऐनको दफा ८ को सट्टा राखेको दफा ८ को उपदफा (१) मा रहेका "सामान्य कुनै त्रुटि भए तापनि" भन्ने शब्दहरूको सट्टा "धितो सम्बन्धी सम्झौतामा फरक नपार्ने सामान्य त्रुटि भए तापनि" भन्ने शब्दहरू राख्ने।

समितिबाट पारित मिति : २०८१।९।११

...................................
रेखा उपाध्याय खनाल
समिति सचिव

...................................
सन्तोष चालिसे
सभापति

फरक मत : न्यायमा तजबिज गर्ने र माफिया गर्नेका विरुद्ध

आज २०८१ पुस ११ गते बैठक बसेको अर्थ समितिको बैठकमा माननीय सभापतिज्यूले समितिका बहुमत सदस्यले सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक अन्तर्गत राष्ट्रिय सभाबाट पारित विधायन व्यवस्थापन समितिको प्रतिवेदन बुँदा नम्बर ३ लाई झिकी विधेयकको दफा ६ ले मूल ऐनको दफा ८ को सट्टा राखेको दफा ८ को उपदफा (१) मा रहेको सामान्य त्रुटी भएतापनि भन्ने शब्दहरूको सट्टा धितो सम्बन्धी सम्झौतामा फरक नपार्ने सामान्य त्रुटी भएतापनि भन्ने शब्दहरु राख्ने विषयमा समितिको बैठकमा धेरै संख्यामा रहेका समितिका सदस्य माननीय सांसदहरुले "सामान्य त्रुटि" भन्ने शब्द झिक्नुपर्ने माग गर्दागर्दै तथा भोटिङको माग गर्दागर्दै समितिका सभापतिले उपस्थित रहेका समितिका सांसदहरुलाई भोटिङ नगरी हुबहु समितिबाट पास गरेकोले यो प्रजातन्त्र विरुद्धको कदम हो साथै अलोकतान्त्रिक भएको ठहर्दछ। यो "सामान्य त्रुटि" भन्ने शब्द विधेयकमा राख्दा सत्ता र शक्ति भएकाहरूलाई फाइदा हुने तर गरिब दु:खी जनतालाई अन्याय हुन्छ। न्यायको भीख माग्दै जनता मर्नुपर्ने हुन्छ। यो सिर्फ अदालतमा ठग्ने, न्यायमा तजबिज गर्ने माफियाहरूलाई फाइदा पुग्दछ।

ज्ञान बहादुर शाही

सदस्य, अर्थ समिति, प्रतिनिधि सभा

मिती : २०८१/९/११